बाणगंगा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कृषि विकास शाखा

बाणगंगा, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्या.:०७९।०८०

चलानी नं.:

मिति-२०८०/०१/१७

## वाणगंगा नगरपालिका,कृषि विकास शाखा कपिलवस्तुको कार्यक्रम माग सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०।०१।१७ गते**

वाणगंगा नगरपालिका,कृषि विकास शाखाबाट चालु आ.व. २०७९।०८० को बार्षिक स्वीकृत कृषि बिकास कार्यक्रम अनुसार तेश्रो चौमासिकमा संघीय शसर्त अनुदान तर्फको **फलफूल दशक विरुवा रोपण कार्यक्रम** अन्तरगत निजि जग्गामा फलफूल विरुवा रोपण कार्यक्रम तर्फ तपसिल अनुसारका क्रियाकलापहरु पचास प्रतिशत अनुदानमा संचालन गरिने हुदा इच्छुक कृषक/कृषक समुह/कृषि सहकारी संस्था तथा कृषि फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८०/१/३१ गते) भित्र नगरपालिका, कृषि विकास शाखामा प्रदेश तथा स्थानीय तहमा शसर्त बित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०७९ को ढाँचा अनुसारको आवेदन सहित प्रस्ताव पेश गर्नु हुन यसै सूचनाद्धारा जानकारी गराइन्छ।

| सि.नं. | कार्यक्रमको नाम | न्युनतम मापदण्ड | उपलब्ध हुने अनुदान | माग गर्न सकिने वर्षे फलफुलका विरुवाहरु |
|---|---|---|---|---|
| १ | निजी जग्गामा फलफूल विरुवा रोपण कार्यक्रम | | | |
| क | ब्यवसायिक बगैचा स्थापना कार्यक्रम | कम्तिमा ३ कठ्ठामा बगैचा स्थापना गर्नु पर्ने | बिरुवा खरिद, रेखांकन, खाडल खन्ने, कृषि औजार उपकरण, सिंचाई आदिमा ५० प्रतिशत अनुदान प्राप्त हुने। | आँप, लिची, कागती, केरा र मेवा |
| ख | बिरुवा रोपण कार्यक्रम | - | ५० प्रतिशत अनुदानमा विरुवा प्राप्त हुने। | आँप, लिची ,कागती |

**सम्लग्न गर्नुपर्ने आवस्यक कागजात**

१. कृषक समूह/ कृषि सहकारी/कृषि फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी ।

२. कृषक समूह/ कृषि सहकारीको कार्यक्रम मागको निर्णयको प्रतिलिपी।

३. वडा कार्यालयको सिफारिस पत्र (ब्यवसायिक बगैचा स्थापना कार्यक्रमको लागि)।

४. कृषि फर्म/सहकारी संस्थाको हकमा लेखा परिक्षण प्रतिवेदन तथा कर बुझाएको वा कर छुट भएको भए सोको प्रतिलिपी।

५. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी।

६. अनुसूची अनुसारको प्रस्तावना पत्र (ब्यवसायिक बगैचा स्थापना कार्यक्रमको लागि)।

७. प्रतिवद्धता पत्र (ब्यवसायिक बगैचा स्थापना कार्यक्रमको लागि)।

८. नागरिकताको प्रतिलिपी (निजी कृषकको लागि)।

९. माग गरिएका फलफूल विरुवाको संख्या र जात सहितको अनुसूची-२ अनुसारको निवेदन।

**नोटः-** प्रदेश तथा स्थानीय तहमा शसर्त बित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०७९ यस नगरपालिकाको वेभसाइड www.bangangamun.gov.np बाट हेर्न र डाउनलोड गर्न सकिने छ साथै अन्य थप जानकारीको लागि वाणगंगा नगरपालिका,कृषि विकास शाखा, मोवाईल नं. ९८४१३५२७४७/ ९८४७०५२९५४ मा सम्पर्क गर्न सकिने छ।